प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय, कालिकोट
कर्णाली प्रदेश, नेपाल
☎ ०८७–४४०११८

पत्र संख्या:- २०७६/७७ मिति: २०७६/१०/५
च.नं.-

विषय: *उत्पादन तथा उद्यमशिलता प्रबर्दनका लागि प्रस्ताव आह्वान संबन्धि सूचना ।*

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७६/७७ को बार्षिक लक्ष अनुसार गरिबि निवारणका लागि महिला सहकारी मार्फत उत्पादन तथा उद्यम प्रवर्द्धन कार्यक्रम संचालन गर्ने कार्यक्रम रहेकोले कालिकोट जिल्लाका इच्छुक महिला सहकारी संस्थाबाट प्रस्ताव आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले १५ दिन भित्र (मिति २०७६/१०/२० गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु सहित प्रस्ताव पेश गर्न सूचित गराइन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त भएका प्रस्ताव उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको वेबसाईट: kalikot.akc.gov.np हेर्न वा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिने छ । बिगतमा यस प्रकृतिको अनुदान सहयोग प्राप्त नगरेका महिला सहकारी संस्थालाई बिशेष ग्राह्यता दिइने छ ।

आवश्यक कागजात:

१. ब्यावसायिक योजना (कार्यक्रमको परिचय, हालको अवस्था, संस्थाको अनुभव, कार्यक्रमको लक्ष तथा उदेश्य, संचालन गरिने क्रियाकलाप तथा अपेक्षित उपलब्धि, संचालन गरिने क्रियाकलाप अनुसारको बजेट तथा संस्थाको योगदान खुलेको आर्थिक प्रस्ताव, कार्य योजना, कम्तिमा ३ बर्षको उत्पादन योजना, जनशक्ति बिबरण तथा रोजगारीका अवस्था, कच्चा पदार्थको आपुर्ति तथा उत्पादित बस्तुको बिक्रि योजना आदी) सहितको प्रस्ताव ।
२. सहकारी संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
३. संबन्धित स्थानीय तह वडा कार्यालयको सिफारिस पत्र ।
४. गत आ.ब.को लेखा परिक्षण भएको प्रतिबेदन, कर चुक्ताको प्रमाण पत्र को प्रतिलिपि, कर छुट भएको भए संबन्धित कार्यालयको प्रमाण ।
५. सहकारी संस्थाको तर्फबाट कारोबारमा सहभागिताका लागि आधिकारिक पदाधिकारी तोकेको निर्णय प्रतिलिपि ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

Email: adokalikot@gmail.com Web: kalikot.akc.gov.np

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय, कालिकोट
कर्णाली प्रदेश, नेपाल
☎ ०८७–४४०११८

पत्र संख्याः- २०७६/७७ मितिः २०७६/१०/५
च.नं.-

विषयः *व्यावसायिक कृषकका लागि कृषि यान्त्रीकरण कार्यक्रममा मेशिजरी औजार/उपकरण बितरण सम्बन्धि सूचना ।*

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७६/७७ को बार्षिक लक्ष अनुसार व्यावसायिक कृषकका लागि कृषि यान्त्रीकरण कार्यक्रममा मेशिजरी औजार उपकरणमा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा कालिकोट जिल्लाका इच्छुक ब्यावसियक कृषकहरु/कृषक समुह/कृषि सहकारीबाट आवेदन आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०७६/११/६ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न गरी प्रस्ताव पेश गर्न सूचित गराइन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त भएका निबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको वेबसाईटः kalikot.akc.gov.np हेर्न वा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिने छ । बिगतमा यसै प्रकृतिको अनुदान सहयोग प्राप्त नगरेका आबेदनकर्तालाई बिशेष ग्राह्यता दिइने छ ।

आवश्यक कागजातः

१) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
२) कृषि व्यवसायमा आवद्ध कृषक/सहकारी/कृषक समूहले सूचना अवधि भित्र औजार उपकरण उपलब्ध गराउने संबन्धमा संस्थागत निर्णय ।
३) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
४) अनुसूची-२ अनुसार बिवरण भरिएको निबेदन ।
५) सम्वन्धित स्थानीय तह वडा कार्यालयको सिफारिस पत्र ।
६) सहकारी र नीजि फर्मको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन, कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाणको प्रतिलिपी ।
७) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
८) अन्य आवश्यक कागजातहरु ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

Email: adokalikot@gmail.com Web: kalikot.akc.gov.np

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
कृषि बिकास कार्यालय, कालिकोट
☎ ०८७–४४०११८
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:- २०७६/७७ मितिः २०७६/१०/५
च.नं.-

विषयः ***सेलार स्टोर निर्माण तथा सञ्चालन सम्बन्धि सूचना ।***

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७६/७७ को बार्षिक लक्ष अनुसार स्याउ उत्पादन पकेट क्षेत्रमा सेलार स्टोर निर्माण तथा संचालन गर्नु पेर्ने भएकोले कालिकोट जिल्लाका इच्छुक ब्यावसियक स्याउ उत्पादक कृषकहरु/कृषक समुह/कृषि सहकारी/उपभोक्ता समितिबाट आवेदन माग आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०७६/११/६ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न गरी प्रस्ताव पेश गर्न सूचित गराइन्छ । म्याद नाघी तथा रित नपुगी प्राप्त भएका आबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको वेबसाईटः kalikot.akc.gov.np हेर्न वा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

<u>आवश्यक कागजातः</u>

१) संस्था/उद्योग दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
२) कृषि व्यवसायमा आवद्ध कृषक/सहकारी/कृषक समूह/उपभोक्ता समितिले सूचना अवधि भित्र सेलार स्टोर निर्माण गर्ने संबन्धि संस्थागत निर्णयको प्रतिलिपि ।
३) अनुसूची-३ अनुसार बिवरण भरिएको आबेदन ।
४) सम्वन्धित स्थानीय तह वडा कार्यालयको सिफारिस पत्र ।
५) सहकारी र नीजि फर्मको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन, कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाणको प्रतिलिपी ।
६) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
७) कम्तिमा १० बर्षे ब्यावसायिक योजना र प्रतिबद्धता पत्र ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
कृषि बिकास कार्यालय, कालिकोट
कर्णाली प्रदेश, नेपाल
☎ ०८७–४४०११८

पत्र संख्याः- २०७६/७७ मितिः २०७६/१०/५
च.नं.-

विषयः *सामुदायिक बीउ वैङ्क स्थापना तथा संचालन सम्बन्धि सूचना ।*

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७६/७७ को बार्षिक लक्ष अनुसार सामुदायिक बीउ बैक स्थापना तथा संचालन गर्नु पेर्ने भएकोले कालिकोट जिल्लाका कृषि ब्यवसायसंग सम्बन्धित इच्छुक कृषि सहकारी संस्थाबाट आवेदन आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले १५ दिन भित्र (मिति २०७६/१०/२० गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न गरी आबेदन पेश गर्न सूचित गराइन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त भएका प्रस्ताव उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको वेबसाईट: kalikot.akc.gov.np हेर्न वा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

आवश्यक कागजात:

१) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
२) संस्थागत निर्णय र बिनयम/बिधानको प्रतिलिपि ।
३) सम्वन्धित स्थानीय तह वडा कार्यालयको सिफारिश पत्र
४) भौतिक संरचना स्तरोन्नतीको हकमा संस्थागत रुपमा जग्गाको क्षेत्रफल, स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।
५) गत आ.व. सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण ।
६) कार्यालयसंग कारोबार गर्ने सामूदायिक बीउ बैंक ब्यवस्थापन समिति गठन सहित संस्थागत निर्णयको प्रतिलिपी ।
७) अन्य आवस्यक कागजातहरु ।

भरत बहादुर वस्नेत
निमित प्रमुख

Email: adokalikot@gmail.com Web: kalikot.akc.gov.np

प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय, कालिकोट
कर्णाली प्रदेश, नेपाल
☎ ०८७–४४०११८

पत्र संख्याः- २०७६/७७ मितिः २०७६/१०/५
च.नं.-

विषयः *उच्च प्रबिधियुक्त नर्सरी प्रर्द्धन सम्बन्धि सूचना ।*

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७६/७७ को बार्षिक लक्ष अनुसार उच्च प्रबिधियुक्त कृषि नर्सरी प्रर्द्धन गर्ने कार्यक्रम रहेकोले नेपाल सरकार मातहतका निकायहरुमा दर्ता भई नर्सरी प्रबर्द्धन ब्यवसायमा संलग्न कालिकोट जिल्लाका इच्छुक ब्यवसायिहरुबाट आवेदन आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०७६/११/६ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु सहित प्रस्ताव पेश गर्न सूचित गराइन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त भएका आबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको वेबसाईट : kalikot.akc.gov.np हेर्न वा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

<u>आवश्यक कागजातः</u>

१) संस्था/उद्योग दर्ताको प्रमाणपत्र/नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
२) नर्सरी निर्माण/प्रबर्द्ध गर्ने संबन्धि संस्थागत निर्णयको प्रतिलिपि ।
३) अनुसूची-३ अनुसार बिवरण भरिएको आबेदन ।
४) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि ।
५) करचुक्ता र नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपि ।
६) हाईटेक नर्सरीहाउस/नेचुरल्ली भेण्टीलेटेड नर्सरीहाउस पूर्वाधार निर्माण गर्नका लागि प्रयाप्त जमिन भएको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि ।
७) सम्वन्धित स्थानीय तह वडा कार्यालयको सिफारिस पत्र ।
८) संरचना निर्माण गरिने जमिनमा सडक, सिचाइ, विजुली लगाएतको आबश्यक पूर्वाधार बारे खुलाउनु पर्ने।
९) हाईटेक नर्सरी/नेचुरल्ली भेण्टीलेटेड नर्सरीहाउस डिजाइन तथा लेआउट एवं आपुर्तिकर्ताको कोटेशन/इष्टिमेट र आपुर्तिकर्ताको तर्फबाट १ वर्षसम्म मर्मत सम्भार एवं प्राविधिक सहयोग गर्ने प्रतिवद्धता पत्र ।
१०) कम्तिमा १० बर्षे प्रतिबद्धता पत्र ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

Email: adokalikot@gmail.com Web: kalikot.akc.gov.np

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय, कालिकोट
कर्णाली प्रदेश, नेपाल
☎ ०८७–४४०११८

पत्र संख्याः- २०७६/७७ मितिः २०७६/१०/५
चलानी नं.-

विषयः ***सूचना । सूचना ।। सूचना ।।।***

प्रस्तुत विषयमा प्रधान मन्त्री कृषि आधुनिकिकरण परियोजनातर्फ यस कार्यालयको आर्थिक वर्ष २०७६/७७ को वार्षिक लक्ष अनुसार तपसिलका स्थानहरुमा नयाँ ब्लकहरु संचालन गर्न मिति २०७६/८/२५ मा प्रकाशित सूचना अनुसार ब्लक संचालनको मापदण्ड अनुसारको क्षेत्रफलमा खेती बिस्तार नपुग्ने गरी सिमित संख्या निबेदन प्राप्त भएकाले दोश्रो पटक सूचना प्रकाशित मितिले ७ दिन भित्र (मिति २०७६/१०/१२ सम्म) निर्धारित क्षेत्रका कृषक समूह/कृषि सहकारी संस्थाहरुबाट आवश्यक कागजातहरु सहित थप निबेदन दर्ता गर्नुहुन सूचित गराइन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त हुने कागजात उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको वेबसाईट: kalikot.akc.gov.np हेर्न वा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

तपसिल

१. खाडाचक्र नगरपालिकामा तरकारी उत्पादन ब्लक स्थापना-१ (१०० हेक्टर क्षेत्रफल)
२. रास्कोट नगरपालिकामा ओखर उत्पादन ब्लक स्थापना-१ (१०० हेक्टर क्षेत्रफल)

**आवश्यक कागजातहरु**

१. निर्दिष्ट ढाँचा अनुसार बिबरण भरिएको निबेदन ।
२. कृषक समूह/कृषि सहकारी दर्ताको प्रमाण प्रमाण-पत्र ।
३. सम्पुर्ण सदस्यहरुको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
४. खेती गरिने जमिनको क्षेत्रफल खुल्ने लालपुर्जाको प्रतिलिपी ।
५. संबन्धित स्थानीय तह वडा कार्यालय/कृषि बिकास शाखाको शिफारिस-पत्र ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

Email: adokalikot@gmail.com Web: kalikot.akc.gov.np